नेपाल सरकार

# गृह मन्त्रालय

(स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा)

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्याः- ०७६।७७
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ३५२

सिंहदरवार,
काठमाडौं, नेपाल

मितिः २०७६।०७।१८

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

विषय – संघ संस्था सम्बन्धमा।

प्रदेश नं ५ द्वारा संस्था दर्ताको लागि कानून बनाई आन्तरिक मामिला तथा कानून मन्त्रालयमा सो प्रदेश भित्रको संघ संस्था दर्ता हुने व्यवस्था भएकोले सम्बन्धितलाई जानकारी गराइदिनु भनी जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वमा लेखी पठाइएको। साविकमा संघ संस्था दर्ता जिल्ला प्रशासन कार्यालयमा हुँदै आएकोमा प्रदेश सरकारले गरेको उक्त कानूनी व्यवस्थाले द्विविधा उत्पन्न गरेकाले जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वको च नं ३३५, मिति २०७६/०६/०७ को पत्र मार्फत् आवश्यक निर्देशनको लागि अनुरोध भइ आएको।

यस सम्बन्धमा पेश हुँदा *"संस्था दर्ता सम्बन्धि अधिकार संविधानको अनुसूची ५ देखि ९ सम्मका एकल र साझा अधिकारको सूचीमा समावेश भएको देखिँदैन। संविधानको धारा ५८ ले अवशिष्ठ अधिकार संघलाई प्रदान गरेको सन्दर्भमा त्यस्तो एकल साझा सूचीमा नपरेको वा संविधानले कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको प्रस्तुत संस्था दर्ता सम्बन्धित अधिकार नेपाल सरकार (संघ) मा नै रहेको देखिन्छ। संघको उक्त अधिकार हाल सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रयोग गरिरहेकाले साविक बमोजिम नै उक्त अधिकारहरु प्रयोग गर्नू"* भनी निर्देशन भएको व्यहोरा मिति २०७६/०७/०६ (मा. मन्त्रीस्तरीय) निर्णयानुसार अनुरोध छ।

०७६।०७।१८

.............................
नर्वदा घिमिरे
(शाखा अधिकृत)

नेपाल सरकार

# गृह मन्त्रालय

(स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा)

पत्र संख्याः- ०७६।०७७ 939

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ८८

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०७६/०४/२७

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

विषय- गैरसरकारी संघसंस्थाहरुको दर्ता सम्बन्धमा ।

संस्था दर्ता ऐन, २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालयमा दर्ता भई समाज कल्याण परिषद्मा आबद्ध भएका गैरसरकारी संस्थाहरुले समाज कल्याण ऐन, २०४९ को दफा १६ बमोजिम वैदेशिक अनुदान रकम प्राप्त गरी परियोजना सञ्चालन गर्दा परिषद्को पूर्व स्वीकृति लिई परियोजना सञ्चालन गर्नुपर्ने प्रावधान रहेकोमा केही गैरसरकारी संस्थाहरुले USAID लगायतका दातृ निकायबाट परिषद्को स्वीकृति बेगर अनुदान रकम प्राप्त गरी परियोजना सञ्चालन गरेको समाज कल्याण परिषद्को च.नं. ०००३८६, मिति २०७६/०४/२० को पत्रमार्फत् जानकारी प्राप्त भएको हुँदा अब उप्रान्त पूर्व स्वीकृति नलिई वैदेशिक अनुदान रकम खर्च गर्ने गैरसरकारी संघसंस्थाहरुको दर्ता नवीकरण गर्दा समाज कल्याण परिषद्को सिफारिश लिएर मात्र गर्नु/गराउनुहुन निर्णयानुसार अनुरोध छ ।

..........................
रोशना देवान
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(स्थानीय प्रशा... तथा ... समन्वय शाखा)

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ५१

सिंहदरवार,

काठमाडौं, नेपाल।

मिति-२०७६।०४।१२

श्री जिल्ला प्रशासन कार्यालय,

सबै।

बिषय – संघ/ संस्था सम्बन्धमा ।

प्रस्तुत विषयमा काठमाडौं जिल्ला प्रशासन कार्यालयको च नं ११८३ मिति २०७६/०३/१७ को पत्रमार्फत् निर्देशन माग भएको सन्दर्भमा लेखिदैछ।

कुनै संस्थाको नाम संशोधन् गर्न, कुनै एक जिल्लामा संस्था दर्ता गरी अन्य जिल्लामा शाखा विस्तार भएको ( राज्यभर कार्य क्षेत्र नभएका) संस्थाको केन्द्रीय कार्यालयको ठेगाना अन्यत्र जिल्लामा सार्न तथा कुनै एक जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता भई, दर्ता भएको कार्यालयबाट उक्त जिल्लामा कुनै शाखा कार्यालय वा कुनै अस्तित्व नरहने गरी अन्य जिल्लामा उक्त संस्थाको दर्ता नम्बर र प्रमाण पत्र सहितको संस्थाको स्थानान्तरण गरी सार्ने लगायतका काम गर्न कानूनतः मिल्ने नदेखिएकोले सोही बमोजिम गर्न/गराउनु हुन मिति २०७६/०४/१० को निर्णय ( सचिवस्तरीय) अनुसार अनुरोध छ।

०७६।०४।१२

(नर्बदा घिमिरे)

शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

स्थानीय प्रशासन तथा प्रहरी समन्वय शाखा

नेपाल सरकार गृह मन्त्रालय

पत्र संख्याः- ०७५/०७६

सिंहदरवार,

प्राप्त पत्र संख्या र मितिः-

काठमाडौं, नेपाल ।

च.नं.:- ९४५

मिति २०७६।०२।२०

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

विषय – गैरसरकारी आवासिय वालगृह सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रतिनिधि सभा महिला तथा सामाजिक समितिको मिति २०७६/०१/१० गते बसेको बैठकले अधिकांश आवासिय गैर सरकारी बालगृहहरु मापदण्ड बमोजिम सञ्चालनमा नभएका र सो सम्बन्धी विधमान अवस्थाको सुक्ष्म पुनरावलोकन आवश्यक भएकाले संघीय संरचनाको लागि एकिकृत मापदण्ड नबनेसम्म गैर सरकारी संस्थाको रुपमा नयाँ अनाथालय वा बालगृह खोल्न नदिन वा दर्ता गराउने कार्य नगर्ने, नगराउन तथा न्यून गुणस्तरमा सञ्चालित एवं विवादग्रस्त गैरसरकारी बालगृह अनाथालयहरुको तत्काल दर्ता खारेजी गर्न गराउन तथा अनाथ वालबालिकाको व्यवस्थापन सरकारी तवरमा नै स्थानीय तहमा क्रमिक रुपमा व्यवस्थापन गर्ने गराउन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय तथा समाज कल्याण परिषद्लाई निर्देशन गर्ने निर्णय गरेकोले समितिको उक्त निर्णय कार्यान्वयन गरी कार्यान्वयनको प्रगति समेत पठाउने व्यवस्था हुन मिति २०७६।०१।१९ को निर्णय (सचिवस्तर) अनुसार अनुरोध छ।

(स्मीता पौडैल)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा)

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ८६०

सिंहदरवार,

काठमाडौं, नेपाल।

मितिः २०७६/१/२६

श्री जिल्ला प्रशासन कार्यालय,

सबै ।

बिषय :परराष्ट्र नीति, वैदेशिक सम्बन्धका बिषयहरुमा अनिवार्य रुपमा परराष्ट्र मन्त्रालयको राय/सहमति लिने सम्बन्धमा ।

प्रस्तुत बिषयमा "राष्ट्रिय हित प्रवद्धनार्थ परराष्ट्र सम्बन्ध सञ्चालनमा एकरुपता, सामञ्जस्यता एवं समन्वय कायम गर्न अन्तराष्ट्रिय कूटनीतिक प्रचलन अनुरुप द्विपक्षीय, क्षेत्रीय, अन्तराष्ट्रिय सरकारी वा गैर सरकारी संस्थाहरुसँग सम्बन्धित बिषयहरुमा निर्णय लिनुअघि नेपाल सरकारका मन्त्रालय वा सम्बन्धित निकायहरुले अनिवार्य रुपमा परराष्ट्र मन्त्रालयको राय सहमति लिने" भनी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७६/१/१० मा निर्णय भएकोले निर्णय कार्यान्वयनको लागि परराष्ट्र मन्त्रालयको च.नं. PPDNDA/PP-०७५/७६-७८८६ को पत्रबाट लेखी आएकोले सोही बमोजिम गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध छ ।

स्मीता पौडेल

शाखा अधिकृत

फोन नं. : ४२११२०६, ४२०००१
४२११२६६
फ्याक्स: ०१-४२११२१६

नेपाल सरकार

# गृह मन्त्रालय

(स्थानीय प्रशासन शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्या:- स्था. प्र. ०७४/७५

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- १०२

मिति:२०७४/०५/११

विषय : निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय
सबै ।

संस्था दर्ता ऐन, २०३४ तथा संस्था दर्ता नियमावली, २०३४ अनुसार नयाँ संस्था दर्ता र नवीकरण गर्ने क्रममा वर्तमान संवैधानिक व्यवस्था अनुसार कायम भएका स्थानीय तह मध्ये गाँउपालिका, नगरपालिका र जिल्ला सभामध्ये कुन निकायको सिफारिस लिने भन्ने सम्बन्धमा केही द्विवीधा उत्पन्न भई संस्था दर्ता र नविकरण गर्न केही कठिनाई भएको आसय सहित जिल्ला प्रशासन कार्यालय, कैलालीवाट आवश्यक निर्देशन समेत माग भएको सन्दर्भमा तपसिल बमोजिमका बुँदाहरुको कार्यान्वयन गर्न गराउन हुन मिति २०७४/०५/०७ को निर्णयानुसार अनुरोध छ ।

तपसिल

१. संस्था दर्ता गर्ने सम्बन्धमा
   क. संस्थाको केन्द्रीय कार्यालय रहने सम्बन्धित स्थानीय तहको सिफारिसपत्र लिई दर्ता गर्ने ।

२. संस्था नवीकरण गर्ने सम्बन्धमा
   क. संस्थाले आफ्नो कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको सिफारिसका आधारमा गर्ने ।
   ख. संस्थाले जिल्लाभित्रका १ भन्दा बढी स्थानीय तहमा कार्यक्रम सञ्चालन हुने अवस्था रहेमा सबैभन्दा धेरै कार्यक्रम सञ्चालन हुने स्थानीय तहको सिफारिसका आधारमा गर्ने ।
   ग. कुनै संस्थाको कुनै वर्ष केही पनि कार्यक्रमहरु सञ्चालन नै नभएको अवस्थामा केन्द्रीय कार्यालय रहेको स्थानीय तहको सिफारिसका आधारमा नविकरण गर्ने ।

३. साथै स्थानीय तहको निर्वाचन नभएका क्षेत्र, जिल्लाहरुमा पूर्ववत आधारमा गर्ने ।

(जयराज भण्डारी)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(स्थानीय प्रशासन शाखा)

पत्र संख्या:- स्था. प्र. ०७३/७४

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- 33

सिंहदरबार

काठमाडौं, नेपाल।

मिति: २०७३/०४/१६

विषय :-

श्री क्षेत्रीय प्रशासन कार्यालय,

सबै ।

यस जिल्ला (बझाङ्ग) मा विपद जोखीम न्यूनिकरण सम्बन्धी कार्यक्रम संचालन गर्दै आएको गैरसररकारी संस्था सामाजिक तथा प्राविधक सेवा समुहले जिल्ला दैवि प्रकोप उद्धार समितिको निमि २०७२/१२/११ गते बसेको बैठकले गरेको निर्णय बमोजिम समझदारी पत्र तयार गरी पेश गरेको,

उक्त संस्थाले दिएको मौखिक जानकारी अनुसार सुदुरपश्चिमाञ्चल विकास क्षेत्रका ५ वटा जिल्ला हरुमा स्थानीय गैर सरकारी संस्था र जिल्ला दै.प्र.उ.स. को नाताले प्रमुख जिल्ला अधिकारि विच समझदारी पत्रमा हस्ताक्षर गरी संयुक्त रुपमा कार्यक्रम संचालन हुदै आएको,

सोही अनुरुप यस कार्यालयसँग सम्झौता गर्न समझदारी पत्र पेश गरेकोमा यसरी समझदारी पत्रमा हस्ताक्षर गरी कार्यक्रम संचालन गर्न मिल्ने/नमिल्ने भनि जिल्ला प्रशासन कार्यालय बझाङ्ग को च.नं. ७२ मिति २०७३/०४/०७ को पत्रद्वारा निर्देशन माग भई आएको सन्दर्भमा पेश हुँदा देहाय बमोजिम गर्न/गराउन तहाँ कार्यालय मार्फत मातहत जिल्ला प्रशासन कार्यालयहरुमा निर्देशन दिने भनि मिति २०७३/०४/१२ मा निर्णय (सचिवस्तर) भएको व्यहोरा अनुरोध छ ।

१. गृह मन्त्रालयको पूर्व सहमति विना कुनै पनि गैर सरकारी संस्थाहरु सँग समझदारी वा सम्झौता नगर्ने । स्थानीय गैर सरकारी संस्था वा INGO ले गर्ने सबै कार्यक्रमहरु स्थानीय स्वायत्त शासन ऐन बमोजिम स्थानीय निकायले वा मार्फत गर्ने, गर्न लगाउने ।

२. शान्ति सुरक्षा सम्बन्धित विषयमा बाहेक गैर सरकारी संस्थाका कुनै पनि कार्यक्रमसा प्रमुख जिल्ला अधिकारी सहभागी नहुने भनी शान्ति सुरक्षा महाशाखा ०६९-७०/६-१ च.नं. ३१६ को पत्रबाट मिति २०६९/०५/३ मा परिपत्र भैसकेको छ । उक्त परिपत्रको कार्यान्वयन प्रभावकारी रुपमा गर्ने, गराउने ।

३. गृह मन्त्रालयको पूर्व स्वीकृति बिना कुनै NGO वा INGO को निमन्त्रणामा प्रमुख जिल्ला अधिकारीले देश भित्र वा बाहिर भ्रमण, गोष्ठी, सेमिनार, छलफल आदि कार्यमा सहभागी हुन नजाने । मन्त्रालयबाट तोकिएकोमा बाहेक/मन्त्रालयको सहमति रहेकोमा बाहेक कुनै पनि NGO वा INGO को भ्रमण तालिम आदिमा कार्यालयका कर्मचारीहरुलाई नखटाउने/नपठाउने ।

(कुमार पोखरेल)

शाखा अधिकृत

फोन नं.: ४२११२०६, ४२००००३, ४२११२६६
फ्याक्स: ०१-४२११२१६

नेपाल सरकार

# गृह मन्त्रालय

(स्थानीय प्रशासन शाखा)

पत्र संख्या:- स्था. प्र. ०७२/७३
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ११५

सिंहदरबार,
काठमाडौं, नेपाल।
मितिः २०७२/०५/२३

विषय :- संस्था नविकरण सम्बन्धमा।

श्री क्षेत्रीय प्रशासन कार्यालय,
धनकुटा, हेटौडा, पोखरा, सुर्खेत, दिपायल।

तहाँमन्त्रालयको च.नं. ३०५ मिति २०७२।३।२७ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो। संस्थादर्ता ऐन, २०३४ बमोजिम यस कार्यालयमा साविकमा दर्ता भएका सार्वजनिक यातायात सञ्चालन सम्बन्धी समिति/संस्थाहरु अब नविकरण गर्ने/नगर्ने सम्बन्धमा उक्त पत्रमा कुनै निर्देशन नभएको हुँदा त्यस्ता प्रकृतिका संस्थाहरु नविकरण गर्ने/नगर्ने सम्बन्धमा यथाशिघ्र आवश्यक निर्देशन हुन अनुरोध छ भनी जिल्ला प्रशासन कार्यालय सुर्खेतको च.नं. ७४०२ मिति ०७२।३।२७ को पत्रबाट लेखी आएको व्यहोरा पेश हुँदा देहाय बमोजिम गर्ने गरी मिति ०७२।५।२० मा नेपाल सरकार (सचिवस्तर) बाट निर्णय भएको हुँदा सो अनुसार गर्न गराउन मातहत जिल्ला प्रशासन कार्यालयहरुमा परिपत्रको लागि आवश्यक कारवाही हुन निर्णयानुसार अनुरोध छ।

तपसिल:-

१. संस्थादर्ता ऐन, २०३४ अनुसार दर्ता भएका संस्थाले आर्थिक कारोबार गरी नाफा कमाउन मिल्दैन। [redacted]
२. [redacted]
३. यातायात व्यवसायीहरुले अनिवार्य VAT मा दर्ता भएको हुन पर्ने तथा सबै किसिमको आर्थिक विवरणहरु र दायित्वहरु पुरा गर्नु पर्ने।

(अच्युतराज भट्टराई)
शाखाअधिकृत

बोधार्थ:
श्री जिल्ला प्रशासन कार्यालय,
सुर्खेत : उल्लेखित पत्रका सन्दर्भमा जानकारीको लागि।

**मिति २०७२।०५।२३ को गृह मन्त्रालयको संस्था नविकरण सम्बन्धमा विषयक परिपत्र (थप स्पषटताको लागि मात्र)**

१. संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता भएका संस्थाले आर्थिक कारोबार गरी नाफा कमाउन मिल्दैन । यातायात व्यवसाय नाफामूलक व्यवसाय हो । व्यवसाय सञ्चालन (यातायात) गर्ने गरी स्थापना भएका वा दर्ता भएका सबै यातायात व्यवसायी संस्थाहरूको अब उप्रान्त नवीकरण नगर्ने ।

२. यातायात समितिमा रहेका र व्यवसाय सञ्चालन गरिरहेका व्यक्तिहरूले एक जना वा धेरै भई कम्पनी दर्ताका लागि कम्पनी ऐन अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी दर्ता गर्ने । यसका लागि आवश्यक सिफारिस पत्र चाहिएमा जिल्ला प्रशासन कार्यालयको (दर्ता भएको कार्यालयबाट) उपलब्ध गराउने र कम्पनीकै नामबाट वा फर्म दर्ता गरी यातायात व्यवसाय सञ्चालन गर्नु पर्ने । कम्पनी प्रा.लि. वा सार्वजनिक हुन सक्नेछ ।

३. यातायात व्यवसायीहरूले अनिवार्य VAT मा दर्ता भएको हुन पर्ने तथा सबै किसिमको आर्थिक विवरणहरू र दायित्वहरू पुरा गर्नु पर्ने ।

नेपाल सरकार

# गृह मन्त्रालय

(स्थानीय प्रशासन शाखा)

पत्र संख्याः- स्था.प्र.। ०७२।०७३

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ८६

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति :- २०७२।४।३१

विषय :- राय/प्रतिक्रिया सम्वन्धमा ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर ।

तहाँ कार्यालयको प.सं. ०७२।७३, च.नं. ३, मिति २०७२।४।१ को पत्र प्राप्त भयो । कम्युनिटी आफ क्राइष्ट चर्च नामक मुनाफा वितरण नगर्ने कम्पनी दर्ता गर्न मिल्ने/नमिल्ने सम्वन्धमा लेखी आएको विषयका सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १६६ ले मुनाफा वितरण नगर्ने कम्पनी स्थापना गर्न सक्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा २ को (ज) ले मुनाफा वितरण नगर्ने कम्पनी भन्नाले कुनै उद्देश्य प्राप्तिका लागि आर्जित मुनाफा वा वचतको रकमबाट लाभांश वा अन्य कुनै रकम सदस्यहरुलाई वितरण गर्न वा भुक्तानी गर्न नपाउने शर्तमा परिच्छेद-१९ अन्तर्गत संस्थापित कम्पनी सम्झनु पर्छ भन्ने उल्लेख गरेको छ । संलग्न कम्युनिटी आफ क्राइष्ट चर्च नामक कम्पनीको प्रवन्धपत्रमा उल्लेखित उद्देश्यहरु कुनै पेशा, उद्यम, व्यवसाय गर्ने प्रकृतिका छैनन् । दान दातव्यबाट संचालन हुने देखिन्छ । यो प्रबन्धपत्र कम्पनीको जस्तो नभै संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता हुने जस्तो देखिन्छ । कम्पनीको उद्देश्य अध्ययन गर्दा आयआर्जन गर्ने, उपार्जन हुने कुनै तरिका उल्लेख छैन । मुनाफा वितरण नगरेपनि आय आर्जन वा कम्पनी चल्ने आधार विना कम्पनी दर्ता गर्नु मनासिव हुँदैन । कम्पनी Charity वाट चल्ने होइन, आय आर्जनको क्षेत्र प्रष्ट हुनु पर्दछ । कुनै पेशा, व्यवसाय, उद्यम नगरी विशुद्ध धर्म प्रचार गर्ने गरी कम्पनी दर्ता गर्न मनासिव नहुने राय/प्रतिक्रिया रहेको व्यहोरा मिति ०७२।४।२९ को निर्णयानुसार अनुरोध छ ।

०७२।४।३१

(अच्युतराज भट्टराई)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(........................ स्थानीय प्रशासन ........ शाखा)

फोन नं.४२११२१६,
फ्याक्स :९७७-०१-४२११२६६
सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :- स्था.प्र./०७०/०७१

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- ५९४

मिति : २०७१/०९/१४

विषय :- संस्था दर्ता सम्बन्धमा ।

श्री क्षेत्रीय प्रशासन कार्यालय,
धनकुटा, हेटौडा, पोखरा, सुर्खेत र दिपायल ।

प्रस्तुत विषयमा राष्ट्रिय निर्देशन ऐन, २०१८ तथा संस्था दर्ता ऐन, २०३४ अन्तर्गत जिल्ला प्रशासन कार्यालयहरुमा दर्ता हुन आवेदन दिने संस्थाहरुको सम्बन्धमा देहाय बमोजिम गर्ने गरी नेपाल सरकार (सचिवस्तर) बाट मिति २०७१।९।९ मा निर्णय भएकोले निर्णयानुसार आवश्यक कारवाहीका लागि मातहतका सबै जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन हुन अनुरोध छ ।

तपसिलः

१. राष्ट्रिय निर्देशन ऐन, २०१८ मुलतः तत्कालीन पञ्चायती व्यवस्थामा रहेका वर्गीय संगठनहरु किसान,युवक, मदजुर..... आदि दर्ता गर्ने उद्देश्यले जारी भएको र सो अन्तर्गत दर्ता भएका संघ संस्थाहरुले आय व्यय विवरण,कार्य प्रगति विवरण पेश गर्ने, आर्थिक कारोवारको लेखापरीक्षण गर्ने, कर चुक्ता गर्ने, नवीकरण गर्ने लगायतका नियमनकारी कुराको वारेमा कानूनमा स्पष्ट व्यवस्था नभएको, सो ऐन अन्तगत दर्ता भएका संस्थाहरुले सो बमोजिम कुनै विवरण पेश नगर्ने गरेकोले त्यस्ता संघ संस्थाहरुको अनुगमन गर्न कठिनाइ परेको हुँदा सो ऐन अन्तरगत दर्ताको लागि आवेदन नलिने र दर्ता हुन चाहने संघ/ संस्थालाई संस्था दर्ता ऐन, २०३४ अन्तरगतनै दर्ता गर्ने ।
२. नेपाल राज्यभर कार्यक्षेत्र बनाउने गरी स्थापना हुने राष्ट्रव्यापी प्रकृतिका संघ/संस्थाहरुको केन्द्रमा केन्द्रीय कार्य समिति र स्थानीय तहमा स्थानीय कार्य समिति हुने र त्यस्ता संघ संस्थाको अधिकाँश काम कारवाही (जस्तै दर्ता,नविकरण,आय व्यय विवरण पेश, लेखापरीक्षण, करचुक्ता गर्ने लगायतका) हरु केन्द्रबाटै हुने हुँदा त्यस्ता प्रकृतिका संघ संस्थाहरु जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा मात्र दर्ता गर्ने ।
३. जिल्ला स्तरमा समिति/कार्य समिति गठन हुने खालका संघ संस्थाहरुलाई प्रतिनिधि निकाय/शाखा कार्यालयका रुपमा स्थानीय स्तरमा दर्ता/कार्यअनुमति दिने प्रक्रियालाई सहज र सरलीकृत गर्ने ।
४. त्यस क्षेत्र अन्तरगतका जिल्ला प्रशासन कार्यालयमा हालसम्म दर्ता भएका सम्पूर्ण संघ संस्थाहरुको अभिलेख यथाशिघ्र यस मन्त्रालयमा उपलब्ध गराउने व्यवस्था हुनका साथै पछि दर्ता हुने संघ संस्थाहरुको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि मन्त्रालयमा उपलब्ध गराउने व्यवस्था गर्ने ।
५. संस्था दर्ता ऐन, २०३४ अन्तरगत दर्ता भएका संघ संस्थाहरुको विधानमानै निर्धारित प्रक्रिया पुरा गरी नवीकरण गर्नु पर्ने प्रावधान राखिएको हुन्छ तापनि प्रायः जसो संस्थाहरु दर्ता पश्चात विधानको उद्देश्य अनुरुप काम नगरी निष्क्रिय बस्ने र ५ वर्ष भित्र नवीकरण गर्न पाउने सुविधा उपयोग गरी नवीकरण मात्र गर्ने गरेको पाइन्छ । यस्तो परिपाटीलाई निरुत्साहित गर्न आवश्यक भएकोले ५ वर्षसम्म पनि नवीकरण नगर्ने संस्थाहरुलाई दर्ता सूचीबाट हटाउने र यसरी हटाईएका संस्थाहरुको नामावली प्रत्येक आ.व.को श्रावण १ गते जिल्ला प्रशासन कार्यालयहरुले प्रकाशन गर्ने ।

(अच्युतराज भट्टराई)
शाखा अधिकृत